# हस्तकला समाचार मुखपत्र

## नेपाल हस्तकला महासंघ

वर्ष १७ | माघ/फागुन २०६७ | अंक ११२


## महासंघको ३० औं वार्षिक साधारण सभा

*महासंघका पूर्व अध्यक्ष श्री रत्नमान शाक्यको प्रमुख आतिथ्यमा यस महासंघको ३० औं वार्षिक साधारण सभा २०६७ पौष २३ गते काठमाडौंमा सम्पन्न भयो। सो अवसरमा अध्यक्ष श्री विकासरत्न धाख्वाले प्रमुख अतिथि लगायत विशिष्ट अतिथिहरुलाई पुष्प गुच्छा टक्याई स्वागत गर्नुभएको थियो। महासंघको साधारण सभा उद्‌घाटन शत्र र बन्द शत्र गरी दुई चरणमा सम्पन्न भएको थियो।*

*उद्‌घाटन शत्रको प्रारम्भमा प्रमुख अतिथि लगायत विशिष्ट अतिथि, अतिथि, सदस्य हस्तकला उद्यमी व्यवसायी एवं निकासीकर्ताहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले कार्यक्रममा स्वागत गर्नुभयो। सो क्रममा उहाँले हस्तकला क्षेत्रको समग्र विकासका साथै विद्यमान समस्याको निराकरण गरी हस्तकलाको निकासी प्रवर्द्धनका लागि समयसापेक्ष नीतिगत व्यवस्थाका लागि महासंघले विभिन्न क्रियाकलाप तथा कार्य सम्पादन गर्दै आएको बताउनु भयो। साथै उहाँले हस्तकलाको दीगो विकासका लागि आवश्यक पूर्वाधार विकास गर्न यथाशीघ्र हस्तकला ग्रामको स्थापना गर्न र हस्तकला डिजाइन तथा विकास केन्द्रलाई हस्तकला सीप एवं डिजाइन प्रतिष्ठानमा परिणत गर्न सरकारको ध्यानाकर्षण गराउनु भयो। यस क्रममा उहाँले हस्तकला निकासी व्यवसायमा विद्यमान समस्याहरुबारे अवगत गराउँदै त्यसको समाधान गर्न, निर्यात प्रोत्साहन गर्न, हस्तकला प्रयोगशाला एवं प्रदर्शनी कक्ष स्थापना र हस्तकलाको बजार प्रवर्द्धन गर्ने दिशामा सरकारबाट आवश्यक सहयोग र पहल गर्नुपर्नेमा जोड दिनुभयो। साथै अन्तरराष्ट्रिय स्तरको व्यापार मेला नियमित आयोजनाका लागि पूर्वाधारयुक्त प्रदर्शनी स्थलको व्यवस्था गर्न, हस्तकला बिक्री भण्डार संचालन गर्न, दक्ष जनशक्ति विकास एवं समयसापेक्ष नीतिगत व्यवस्थाका लागि सरकारले प्राथमिकता दिनुपर्ने बताउनु भयो। कार्यक्रममा महासंघका अध्यक्षले सभाको सफलताको कामना गर्दै तत्कालिन प्रधानमन्त्री श्री माधवकुमार नेपालज्यूबाट प्राप्त शुभ कामना सन्देश समारोहमा वाचन गरी सुनाउनु भएको थियो।*

तत्पश्चात प्रमुख अतिथि एवं महासंघका पूर्व अध्यक्ष श्री रत्नमान शाक्यज्यूबाट पानसमा दीप प्रज्वलन तथा सरस्वतीको मूर्तिमा माल्यार्पण गरी महासंघको ३० औं वार्षिक साधारण सभाको समुद्‌घाटन गर्नुभयो। कार्यक्रममा प्रमुख अतिथिले आ.व. २०६६/६७ मा अत्याधिक हस्तकलाका वस्तुहरु निकासी गर्ने निकासीकर्ताहरु र उत्कृष्ट उद्यमी, कलाकार तथा निकासी प्रबर्द्धनमा योगदान पुऱ्याउने निकासीकर्ता फर्महरुलाई कदर तथा सम्मान प्रदान गर्नुभयो।

(बाँकी अंश पृष्ठ २ मा)




*अध्यक्षज्यू महासंघको ३०औं वार्षिक साधारण सभामा स्वागत मन्तव्य दिनुहुँदै*




*हस्तकला प्रयोगशाला स्थापना सम्बन्धी समझदारी पत्र आदान प्रदानको झलक*

### यस भित्र ............


* प्रयोगशाला स्थापना समझदारी
* हस्तकला प्रवर्द्धन सम्बन्धी NRNA संग समझदारी
* सुन चाँदी आपूर्ति सम्बन्धी अन्तरक्रिया
* जेम्स एण्ड ज्वेलरी प्रवर्द्धन समझदारी
* निकासी एकाई (Export Cell) गठन
* पर्यटन वर्षमा हस्तकला प्रवर्द्धन कार्यक्रम
* भुटानीद्वारा हस्तकला उद्योगहरूको अवलोकन
* कला कौशल सम्बन्धी अध्ययन अवलोकन
* बिक्री कला सीप सम्बन्धी कार्यक्रम
* जिल्ला हस्तकला तथा वस्तुगत संघ गतिविधि
* Effective Way to Promote Business
* परम्परागत पौभा कला सम्बन्धी प्रदर्शनी


## हस्तकला प्रयोगशाला स्थापना, त्रिपक्षीय समझदारी सम्पन्न

*नेपालबाट अत्याधिक निकासी हुने प्रमुख वस्तुमध्येमा पर्ने हस्तकला उद्योग व्यवसायले धेरैलाई स्वरोजगारको अवसर प्रदान गर्नुका साथै देशको विदेशी मुद्रा आर्जन गर्न महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। वस्तुको गुणस्तरहिनताका कारण समय समयमा हस्तकला निकासीमा समस्या आउने गरेको र नेपाली हस्तकलाकाको गुणस्तर प्रति सम्बन्धित उपभोक्ता एवं आयातकर्ताहरुलाई विश्वस्त तुल्याई विश्व बजारमा आफ्नो साख कायम गर्न गुणस्तर परीक्षणको व्यवस्थाका लागि महासंघले समयसापेक्ष पहल गर्दै आएको छ। यस क्रममा महासंघले सुन चाँदीजन्य गहना एवं वस्तुमा क्याडमियम मिसावटको प्रभाव र असर विषयमा पटक पटक चेतना अभिबृद्धि कार्यक्रम एवं गोष्ठी सम्पन्न गरिसकेको छ। यसैगरी प्रयोगशाला स्थापना सम्बन्धमा विज्ञबाट वस्तुस्थिति अध्ययन हुनुका साथै नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा गठित हस्तकला प्रयोगशाला कार्यदलबाट प्रयोगशाला स्थापना एवं संचालन सम्बन्धी समझदारी एवं कार्यविधि तयार भई सरकारबाट स्वीकृत भईसकेको छ।*

(बाँकी अंश पृष्ठ ४ मा............)

## महासंघको ३० औं वार्षिक साधारण सभा (पृष्ठ १ को बाँकी अंश .........)

सो क्रममा समारोहलाई सम्बोधन गर्नु हुँदै नेपाल प्राचीनकालदेखि कलाकारिता एवं हस्तकला क्षेत्रमा विश्वमा प्रतिष्ठित रहँदै आएको चर्चा गर्दै प्रमुख अतिथिले यस क्षेत्रले धेरैलाई स्वरोजगारको अवसर प्रदान गर्नुका साथै मुलुकलाई विदेशी मुद्रा आर्जनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउँदै यस क्षेत्रको दीगो विकास एवं प्रबर्द्धनमा सरकार तथा सम्बद्ध पक्ष सशक्त रुपमा लाग्नुपर्ने बताउनु भयो । यस क्रममा उहाँले आफूलाई प्रमुख अतिथिको रुपमा सम्मान गरेकोमा खुशी व्यक्त गर्दै वर्तमान परिवेशमा समय र माग अनुकुलको हस्तकला वस्तु एवं डिजाइन विकास गरी अघि बढ्नुपर्नेमा जोड दिदै हस्तकला क्षेत्रको समग्र विकास एवं प्रबर्द्धनका लागि सरकारले प्राथमिकता दिन र यस क्षेत्रमा विद्यमान समस्याको समाधानका लागि सरकारको ध्यानाकर्षण गर्नुभयो ।

सो अवसरमा हस्तकला क्षेत्रको विकास र उद्यमी व्यवसायीहरुको हित प्रबर्द्धनका लागि महासंघबाट नेतृत्वदायी भूमिका निर्वाह गरेको चर्चा गर्दै नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री सुरेन्द्रबीर मालाकारले विश्व बजारमा राम्रो साख कायम गर्न गुणस्तरयुक्त हस्तकला निकासी गरी व्यवसायिक छवि उकास्न सम्बद्ध सबै तत्पर रहनुपर्ने बताउनु भयो । साथै उहाँले महासंघको साधारण सभामा हस्तकला प्रबर्द्धन सम्बन्धी महत्वपूर्ण निर्णय हुने बताउँदै हस्तकला उद्योग व्यवसायमा विद्यमान समस्याहरु निराकरण गर्न महासंघबाट महत्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा गर्नुभयो ।




*महासंघको ३०औं वार्षिक साधारण सभामा सम्मानित निकासीकर्ता उद्यमी कलाकारको सामूहिक फोटो झलक*



*महासंघको पूर्व अध्यक्ष श्री रत्नमान शाक्यले उत्कृष्ट निकासीकर्तालाई कदरपत्र प्रदान गर्नुहुँदै*

### उत्कृष्ट निकासीकर्ताको सम्मान प्राप्त गर्ने फर्म/कम्पनी
### आ.व. २०६६/६७

| क्र.सं | नाम | ठेगाना | सम्मान ग्रहण गर्ने | सम्मानको क्षेत्र |
|---|---|---|---|---|
| १ | एभरेष्ट फेसन | खुमलटार, ललितपुर | महेश्वर श्रेष्ठ | हस्तकला निकासीकर्ता, प्रथम |
| २ | एभरेष्ट पश्मिना निटिङ्ग एण्ड विभिङ्ग ईण्डष्ट्रिज | ठमेल, काठमाडौं | सुर्य गुरुङ्ग | हस्तकला निकासीकर्ता, द्वितीय<br>पश्मिना वस्तु निकासीकर्ता, प्रथम |
| ३ | बागमती आर्टस् एण्ड हयाण्डिक्राफ्टस् | भीमसेनगोला, काठमाडौं | नरेशलाल श्रेष्ठ | हस्तकला निकासीकर्ता, तृतीय<br>फेल्ट वस्तु निकासीकर्ता, प्रथम |
| ४ | मिलेनियम क्राफ्ट्स | ठमेल, काठमाडौं | राहुलभद्र बजाचार्य | चाँदीका वस्तु निकासीकर्ता, प्रथम<br>(आ.ब. २०६६/६७) |
| ५ | कैलाश एक्स्पोर्ट्स | ठमेल, काठमाडौं | छोन्देन ग्याल्पो लामा | धातु, ऊनी, सेरामिक वस्तु निकासीकर्ता, प्रथम |
| ६ | नेपाली पेपर प्रोडक्टस् प्रा. लि. | स्वयम्भु, काठमाडौं | विष्णुप्रसाद श्रेष्ठ | हातेकागज वस्तु निकासीकर्ता, प्रथम |
| ७ | लक्ष्मी उड क्राफ्ट उद्योग | बाँसबारी, काठमाडौं | लक्ष्मी शर्मा | हाड सिङ्गका वस्तु निकासीकर्ता, प्रथम |
| ८ | एसियाटिक ट्रेडर्स एण्ड एक्सपोटर्स् | ठमेल, काठमाडौं | अमृतमान श्रेष्ठ | सुतीका वस्तु निकासीकर्ता, प्रथम |

### उत्कृष्ट उद्यमी, कलाकार एवं कर्मचारी

| क्र.सं. | नाम | ठेगाना | सम्मान ग्रहण गर्ने | सम्मानको क्षेत्र |
|---|---|---|---|---|
| १ | साना हस्तकला | कुपण्डोल ललितपुर | चन्द्रप्रसाद कक्षपति | उत्कृष्ट उद्यमी |
| २ | श्री बालकृष्ण तुलाधर | बाफल, काठमाडौं | बालकृष्ण तुलाधर | उत्कृष्ट कलाकार |
| ३ | श्री तुला नरसिंह शाक्य | कार्यालय सचिव | तुला नरसिंह शाक्य | उत्कृष्ट कर्मचारी |

हस्तकला निकासी प्रबर्द्धनमा योगदान गर्ने निकासीकर्ताहरुलाई सम्मान गर्दै जाने क्रममा यस बर्ष महासंघले आ.व. २०६६/६७ मा रु. ५ करोडभन्दा बढी हस्तकला निकासी गर्ने निकासीकर्ताहरुलाई सम्मान गरिएको छ ।

### आ.व. २०६६/६७ मा ५ करोडभन्दा बढी निकासी गरी सम्मान प्राप्त गर्ने फर्म/कम्पनी

| क्र.सं. | नाम | ठेगाना | सम्मान ग्रहण गर्ने | सम्मानको क्षेत्र |
|---|---|---|---|---|
| १ | तारा ओरिन्टल | लुभु, ललितपुर | अनिस राजभण्डारी | आ.ब. २०६६/६७ रु. ५ करोडभन्दा बढीको हस्तकला निकासीकर्ता |
| २ | मिलेनियम क्राफट्स | ठमेल, काठमाडौं | राहुलभद्र बजाचार्य | आ.ब. २०६६/६७ रु. ५ करोडभन्दा बढीको हस्तकला निकासीकर्ता |
| ३ | कैलाश एक्स्पोर्ट्स | ठमेल, काठमाडौं | छोन्देन ग्याल्पो लामा | आ.ब. २०६६/६७ रु. ५ करोडभन्दा बढीको हस्तकला निकासीकर्ता |
| ४ | आशुतोष इम्पेक्स प्रा. लि. | काठमाडौं | छिटिङ्ग लामा | आ.ब. २०६६/६७ रु. ५ करोडभन्दा बढीको हस्तकला निकासीकर्ता |
| ५ | न्यू हिमालय आकाश एक्स्पोर्टस् | झम्सिखेल, ललितपुर | मीना कार्की | आ.ब. २०६६/६७ रु. ५ करोडभन्दा बढीको हस्तकला निकासीकर्ता |

उद्घाटन शत्रको अन्त्यमा महासंघका उपाध्यक्ष श्री हरिबहादुर कार्कीले प्रमुख अतिथि लगायत उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्दै हस्तकला उद्योग व्यवसायको प्रबर्द्धनका लागि समयसापेक्ष गुणस्तरीय वस्तु एवं डिजाइनको विकास हुनुपर्ने चर्चा गर्दै हस्तकलाको गुणात्मक विकास गर्न अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार विकास हुनुपर्ने बताउनु भयो । साथै उहाँले हस्तकलाको बजार एवं निकासी प्रबर्द्धनका लागि महासंघले समयासापेक्ष पहल गर्दै जाने समेत बताउनु भयो ।

## दोस्रो शत्र

दोश्रो शत्रको प्रारम्भमा महासंघका अध्यक्षज्यूबाट आगामी वर्षको कार्यक्रम सम्बन्धमा नीतिगत सम्बोधन गर्नु हुंदै हस्तकला उद्योग व्यवसाय र उद्यमी व्यवसायीहरुको हित प्रबर्द्धन तथा महासंघको संस्थागत सुदृढिकरणका लागि विगत बर्षमा गरेका वाचा र भए गरेका कार्यबारे विवेचना गर्नुभयो । सो क्रममा हस्तकला ग्राम स्थापना, हस्तकला व्यापार मेला आयोजना, सूचना प्रविधिको विकास, हस्तकला ईम्पोरियमको स्थापना, हस्तकला प्रयोगशाला स्थापना, हस्तकला प्रबर्द्धन सप्ताहको निरन्तरता, विदेशी बजार प्रबर्द्धन गर्न क्रेता विक्रेता भेटघाट आयोजना, हस्तकला डिजाइन तथा विकास केन्द्रलाई स्वायत्त संस्थाको रुपमा विकास, संभाव्य निकासीयोग्य वस्तुको विशेष प्रबर्द्धन, कच्चा पदार्थको सहज तथा सुलभ आपूर्ति व्यवस्था तथा अन्य संस्थासंगको सहकार्यमा हस्तकला प्रबर्द्धन जस्ता नीतिगत विषयमा प्रस्तुत गर्नुभयो ।

सभामा महासंघका का.मु.महानिर्देशक श्री दिलिप खनालले कार्यसमितिको प्रतिवेदनमा उल्लेखित महासंघका गतिविधिहरु, प्रबर्द्धनात्मक कार्य विवरण, उपलब्धि एवं विविध कार्यहरु तथा सदस्य संघहरुका गतिविधिहरु र अन्य समसामयिक गतिविधिहरु सम्बन्धी सभामा प्रस्तुत गर्नुभयो ।

यसैगरी उपाध्यक्ष श्री हेमरत्न शाक्यबाट आर्थिक वर्ष २०६६/०६७ को महासंघको वित्तीय विवरण प्रस्तुत गर्नुका साथै आ.व. २०६७/०६८ को लागि महासंघको अनुमानित आम्दानी र खर्चको विवरण समेत प्रस्तुत गर्नुभयो । तत्पश्चात सभामा सदस्यहरुबाट प्राप्त लिखित प्रस्तावका सम्बन्धमा छलफल भई प्राप्त प्रस्तावहरुका सम्बन्धमा आवश्यक निर्णय गर्नका लागि श्रेष्ठ क्राफ्टका प्रोपाईटर श्री लक्ष्मी गोपाल श्रेष्ठको संयोजकत्वमा ५ सदस्यीय प्रस्ताव समिति गठन गरियो । यस्तै सभामा कार्यसमितिबाट प्रस्तुत विधान संशोधन सम्बन्धी प्रस्तावको अन्तिम टुंगो लगाउन निवर्तमान अध्यक्ष श्री पुष्करमान शाक्यको संयोजकत्वमा महासंघको कार्यसमितिद्वारा गठित पहिलेको विधान समितिमा थप दुई सदस्य सहित विधान संशोधन समिति गठन गरियो । यसरी सभामा प्रस्तुत विविध विषयहरुमा सहभागी सदस्यहरुबीच छलफल भई सभाको सहमतिमा प्रस्तुत प्रतिवेदनहरु पारीत गरियो । अन्तमा महासंघका अध्यक्षले सभामा सक्रिय सहभागी भई ३० औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गरेकोमा सम्पूर्ण सदस्य महानुभावहरु लगायत सम्वद्ध सबैमा धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

## हस्तकला प्रयोगशाला स्थापना समझदारी ( पृष्ठ १ को बाँकी

यसै क्रममा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेपाल व्यापार एकीकृत रणनीति (NTIS) कार्यक्रमको अनुदान सहयोग एवं नेपाल हस्तकला महासंघ, नेपाल गुणस्तर तथा नापतौल विभाग र व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रको संयुक्त सहभागितामा हस्तकला प्रयोगशाला स्थापना एवं संचालनलाई कार्यान्वयन गर्दै जाने उद्देश्यले २०६७ फागुन ९ गते ललितपुरमा एक कार्यक्रमबीच तिनै निकायका प्रमुखहरुको उपस्थितिमा प्रयोगशाला स्थापना सम्बन्धी समझदारी पत्र हस्ताक्षर कार्यक्रम सम्पन्न भयो । वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री पुरुषोतम ओझा र उद्योग मन्त्रालयका सचिव श्री प्रतापकुमार पाठकको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रमको प्रारम्भमा उपस्थित सबैको स्वागत गर्दै महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले हस्तकलाको गुणस्तरीयता अभिबृद्धि गरी निकासी प्रबर्द्धन गर्दै जाने उद्देश्यले प्रयोगशाला स्थापना एवं संचालनलाई कार्यन्वयन गर्दै जाने बताउनु भयो ।



*कार्यक्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव ज्यूबाट मन्तव्य दिनु हुँदै*

सो क्रममा हस्तकला प्रयोगशाला स्थापना एवं संचालन सम्बन्धमा नेपाल गुणस्तर तथा नापतौल विभाग, व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रको भूमिका सम्बन्धमा सो विभागका महानिर्देशक श्री सीताराम जोशी र केन्द्रका कार्यकारी निर्देशक श्री रमेशकुमार श्रेष्ठले आ-आफ्ना भनाइहरु राख्दै यसको चाँडो कार्यान्वयनमा लाग्ने प्रबिद्धता व्यक्त गर्नुभयो । विश्व बजारमा निकासी प्रबर्द्धनका लागि सम्बद्ध सबैले स्तरीय डिजाइन, पाटर्न र वस्तु एवं गुणस्तर विकासमा ध्यान दिनुपर्ने औल्याउँदै उद्यो मन्त्रालयका सचिव श्री प्रतापकुमार पाठकले प्रयोगशाला स्थापना एवं संचालनको क्रममा प्राविधिक पक्ष र उपयुक्त स्थानको व्यवस्थाका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै उहाँले प्रयोगशालाको दीगो संचालनका लागि जनशक्ति विकास लगायत अन्तराष्ट्रिय मान्यता प्राप्तीका लागि पहल गर्नुपर्ने बताउनु भयो । सो क्रममा हाल विश्व व्यापार सहजीकरण एवं उदारीकरणका लागि पहल हुँदै आएको र अन्तराष्ट्रिय रुपमा प्रतिस्पर्धी हुनु आवश्यक रहेको चर्चा गर्दै वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री पुरुषोतम ओझाले गुणस्तरीय वस्तुको उत्पादन एवं निकासी प्रबर्द्धनका लागि परीक्षण प्रयोगशाला उपयोगी हुने बताउँदै श्रोतबाटै शुद्ध सुन चाँदीको आपूर्ति गर्नुपर्नेमा जोड दिनुभयो । उक्त अवसरमा शुभ कामना मन्तव्य व्यक्त गर्दै नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री सुरेन्द्रबीर मालाकार र नेपाल उद्योग वाणिज्य महासंघ, वस्तुगत परिषद्का सहसभापति श्री शंकरप्रसाद पाण्डेले महासंघद्वारा अन्य सरकारी निकायसंगको सहकार्यमा प्रयोगशाला स्थापना जस्तो महत्वपूर्ण कार्य थालनी गरेकोमा दीगो सफलताको कामना र बधाई व्यक्त गर्नुभयो ।




*सम्बद्ध निकायका प्रमुखहरु प्रयोगशाला स्थापना सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्नु हुँदै*

तत्पश्चात प्रयोगशाला स्थापना एवं संचालन सम्बन्धी समझदारी पत्रमा महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वा, गुणस्तर विभागका महानिर्देशक श्री सीताराम जोशी र व्यापार प्रबर्द्धन केन्द्रका कार्यकारी निर्देशक श्री रमेशकुमार श्रेष्ठले हस्ताक्षर गर्नुभयो । सो क्रममा तिनै निकायका तर्फबाट प्रयोगशाला स्थपाना एवं संचालनलाई  यथाशीघ्र कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गरियो । अन्तमा कार्यक्रममा उपस्थित सबै महानुभाव लगायत प्रयोगशाला स्थापनाको आधारशिला तय गर्ने कार्यमा संलग्न समिति, कार्यदल, सहयोगी निकाय, विज्ञ एवं संस्थाहरुमा धन्यवाद ज्ञापन गर्दै महासंघका उपाध्यक्ष श्री हरिबहादुर कार्कीले प्रयोगशाला स्थापना सम्बद्ध सबैका लागि उपलब्धीमूलक हुने अपेक्षा गर्नुभयो ।

सम्पन्न समझदारी पत्रमा नेपाल व्यापार एकीकृत रणनीति (NTIS) कार्यक्रम अन्तगत प्राप्त रु. ६० लाख अनुदान र महासंघबाट लागत सहभागिताको रुपमा रु. ६० लाख गरी कुल १ करोड २० लाखबाट प्रयोगशाला स्थापना एवं संचालन गरिने, तिनै निकायको प्रतिनिधि र अन्य प्रतिनिधि सम्मिलित निर्देशन समितिले मेसिन खरीद, जडानको व्यवस्था गरिने, शुरुमा यसले सुन चाँदी गहना/वस्तुको परीक्षण गर्न घरेलु तथा साना उद्योग विभाग वा गुणस्तर विभागको परिसरमा प्रयोगशाला सचालन गर्ने, प्रयोगशाला दर्ता एवं परीक्षणको राष्ट्रिय अन्तरराष्ट्रिय मान्यताका लागि पहल गर्ने, प्रयोगशालबाट हस्तकलाको निकासी एवं गुणस्तर प्रबर्द्धनका लागि निरन्तर पहल गर्ने आदि विषयमा उल्लेख गरिएको छ ।

# हस्तकलाको प्रवर्द्धनका लागि NRNA संगको समझदारी

*नेपाली हस्तकला सम्बन्धी व्यापक प्रचार गरी विश्वका विभिन्न मुलुकहरुमा तिनको बजार एवं निकासी प्रवर्द्धनका लागि आपसी सहकार्य गर्दै जाने उद्देश्यले यस महासंघ र गैर आवासीय नेपाली संघ (NRNA) बीच हालै समझदारी सम्पन्न भएको छ । २०६७ फागुन ३ गते (February 15, 2011) महासंघमा आयोजित एक कार्यक्रमबीच नेपाल हस्तकला महासंघको तर्फबाट अध्यक्ष श्री विकासरत्न धाख्वा र गैर आवासीय नेपाली संघको तर्फबाट अध्यक्ष श्री देवमान हिराचनले हस्तकला प्रवर्द्धन सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्नु भएको थियो । सो अवसरमा दुवै संस्थाका पदाधिकारी लगायत हस्तकला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।*

सो अवसरमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले देशको प्रमुख निकासीजन्य वस्तुको रुपमा हस्तकलाका वस्तुहरु विश्वका विभिन्न मुलुकहरुमा निकासी भइरहेको र यसबाट धेरैलाई स्वरोजगारको अवसर प्रदान गर्दै आएको बताउनु भयो । यस क्रममा उहाँले हस्तकलाको वस्तु एवं डिजाइन विकासका साथै गुणस्तर विकासका लागि महासंघबाट भएका गतिविधिबारे चर्चा गर्दै उहाँले NRNA संगको यस समझदारीबाट आगामी दिनमा विश्वका विभिन्न मुलुकहरुमा हस्तकलाको बजार एवं निकासी प्रवर्द्धन गर्न राम्रो टेवा पुग्ने अपेक्षा गर्नुभयो । सो क्रममा आपसी समझदारीको उद्देश्य एवं लक्ष्यबारे प्रकाश पार्नुहुँदै महासंघका निवर्तमान अध्यक्ष श्री पुष्करमान शाक्यले महासंघको लामो पहल पश्चात हस्तकलाको प्रवर्द्धनका लागि NRNA संग सहकार्य एवं समझदारी गर्न पाएकोमा खुशी व्यक्त गर्दै विश्व बजारिकरणको वर्तमान अबस्थामा दुई सस्थाबीचको उचित समन्वयबाट हस्तकलाको विकास र अन्तरराष्ट्रिय बजार प्रवर्द्धनमा ठुलो फड्को मार्न सक्ने धाराणा व्यक्त गर्नुभयो । साथै उहाँले उक्त संघको तर्फबाट विश्वका विभिन्न मुलुकहरुमा नेपाली हस्तकलाको माग एवं बजार वस्तुस्थितिबारे जानकारी लिई महासंघलाई उचित मार्ग निर्देशन तथा सुझाव दिनुपर्ने आवश्यकता रहेको बताउनु भयो ।

सो अवसरमा NRNA का अध्यक्ष श्री देवमान हिराचनले नेपाली हस्तकलाको विकास तथा बजार प्रवर्द्धनमा सो संघको भूमिका सम्बन्धमा प्रकाश पार्दै हाल विश्वका ५६ मुलुकमा NRNA को गठन भइसकेको क्रममा नेपाली हस्तकलाको महत्व एवं विशेषताबारे प्रचार गर्न सके हस्तकलाको निकासी प्रबर्द्धन हुने बताउनु भयो । सो क्रममा उहाँले स्वदेशी सीप र श्रोतका साथै उपयुक्त प्रविधिको समेत प्रयोगबाट हस्तकलाको गुणस्तर एवं वस्तु विकास र बजार प्रबर्द्धन गर्न सो संघको तर्फबाट सक्दो सहयोग गर्ने प्रबिद्धता व्यक्त गर्दै आपसी सम्बन्ध विकास गर्दै जाने बताउनु भयो । अन्तमा उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्दै महासंघका उपाध्यक्ष श्री हरिबहादुर कार्कीले नेपाली हस्तकलाको व्यवसायिक प्रबर्द्धनमा दुई संस्थाबीचको सहकार्यले महत्वपूर्ण टेवा पुग्ने बताउनुभयो ।



*हस्तकला प्रवर्द्धन सम्बन्धी महासंघ र NRNA बीचको समझदारीको झलक*

सम्पन्न समझदारी पत्रमा आगामी दिनमा आपसी परामर्श र सहकार्यमा व्यापार तथा व्यवसाय बृद्धिका लागि प्रदर्शनी, व्यापार मेला अयोजना, क्रेता बिक्रेता भेटघाट संचालन गर्ने, विद्यमान समस्या एवं व्यापारिक चुनौतीहरु सम्माधान गर्ने, समयसापेक्ष नीतिगत तर्जुमाका लागि गोष्ठी, अन्तरक्रियाको आयोजना साथै आवश्यक पहल गर्ने जस्ता कुराहरु उल्लेख गरिएको छ ।

## जानकारी

## BIMSTEC Useful Links

| Country | Government | National Chamber of Commerce | Ministry of Foreign Affairs | Ministry of Commerce |
|---|---|---|---|---|
| Bangladesh | www.bangladesh.gov.bd | www.fbcci-bd.org | www.mofa.gov.bd | Ministry of Commerce www.mincom.gov.bd |
| Bhutan | www.bhutan.gov.bt | www.bcci.org.bt | www.mfa.gov.bt | Ministry of Trade and Industry www.mti.gov.bt |
| India | www.India.gov.in | www.ficci.com | www.meaindia.nic.in | Ministry of Commerce & Industry, Department of Commerce www.commerce.nic.in |
| Myanmar | www.myanmar.gov.mm | www.umfcci.com.mm | www.mofa.gov.mm | Ministry of Commerce www.commerce.gov.mm |
| Nepal | www.nepalgov.gov.np | www.fncci.org | www.mofa.gov.np | Ministry of Industry , Commerce & Supplies www.moics.gov.np |
| Sri Lanka | www.priu.gov.lk | www.nccsl.lk | www.slmfa.gov.lk | Ministry of Trade Commerce & Consumer Affairs www.commerce.gov.lk |
| Thailand | www.thaigov.go.th | www.thaiechamber.com | www.mfa.go.th | Ministry of Commerce www.moc.go.th |

# सुन चाँदी आपूर्ति सम्बन्धी अन्तरक्रिया

*नेपालबाट निकासी हुने हस्तकला वस्तुहरुमा सुन चाँदी जन्य गहना, वस्तु एवं धातु मूर्तिकलाको महत्वपूर्ण योगदान रहेको छ । यद्यपि समय समयमा कच्चा सुन चाँदीको अभाव, आपूर्ति समस्या एवं अस्थिर मूल्यले यस व्यवसायमा नकारात्मक असर पार्ने गरेको छ । यस सन्दर्भमा विगत केही समयदेखि नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्थाले गर्दा बजारमा सुन चाँदीको सहज आपूर्ति नहुँदा यस क्षेत्रमा संलग्न उद्यमी व्यवसायीहरुलाई समस्या पर्दा महासंघले सुन चाँदीको सहज आपूर्तिका लागि विभिन्न निकायहरुका उच्च पदस्थ अधिकारीहरुसंग भेटवार्ता एवं पहल गरिएको थियो । हाल सुन चाँदी आपूर्ति सम्बन्धमा नयाँ व्यवस्था भईसकेको छ । यस सन्दर्भमा हाल बजारमा सुन चाँदीको आपूर्ति वस्तुस्थिति, विद्यमान समस्या र समाधान उपाय सम्बन्धमा छलफल गरी दीगो रुपमा सुन चाँदीको सहज आपूर्ति गर्दै जाने उद्देश्यले महासंघको सुन चाँदी वस्तु विकास समितिके संयोजनमा २०६७ माघ ६ गते काठमाडौंमा सुन चाँदी आपूर्ति व्यवस्था सम्बन्धी अन्तरक्रियाको आयोजना गरियो । कार्यक्रममा महासंघका पदाधिकारी, वाणिज्य परिषद् तथा सुन चाँदी वस्तु विकास समितिका सदस्यहरु एवं सम्बन्धित उद्यमी व्यवसायी, निकासीकर्ताहरु गरी २५ जनाको सहभागिता रहेको थियो ।*

प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले समग्र हस्तकला उद्योग व्यवसायको प्रवर्द्धनका लागि महासंघले समयसापेक्ष गतिविधि संचालन गर्नुका साथै सदस्यहरुको आवश्यकता अनुरुप पहल गर्दै आएको बताउनु भयो । यस क्रममा उहाँले विगत केही समय अगाडि सुन चाँदीको आपूर्ति समस्याले सुन चाँदीजन्य गहना एवं हस्तकलाको उत्पादन एवं निकासीमा असर पर्दा महासंघबाट सुन चाँदीको सहज आपूर्तिका लागि पहल गरिएको बताउनु भयो । यसै क्रममा बजारमा सुन चाँदीको अभावलाई अन्तरिम रुपमा समाधान गर्न नेपाल राष्ट्र बैंकले बोलकबोल प्रक्रियाबाट सुन चाँदी बिक्री वितरण गरिएको बताउँदै हालै सो बैंकले सुन चाँदी आयात सम्बन्धी नयाँ व्यवस्था गरिएको जानकारी गराउनु भयो । यसै क्रममा हाल बजारमा सुन चाँदीको आपूर्ति र विद्यमान समस्याको वस्तुस्थितिबारे जानकारी लिन तथा दिर्घकालिन रुपमा सुन चाँदीको सहज एवं सहुलियत आपूर्ति सम्बन्धी छलफल गर्ने उद्देश्यले प्रस्तुत कार्यक्रमको आयोजना गरिएको बताउँदै आफ्ना समस्या एवं अनुभव आदान प्रदान गर्न आग्रह गर्नुभयो । यस क्रममा कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै महासंघका कार्य समिति सदस्य एवं सुन चाँदी वस्तु विकास समितिका संयोजक श्री यज्ञमान शाक्यले सुन चाँदीजन्य हस्तकलाको व्यवसायिक प्रबर्द्धनका लागि कच्चा सुन चाँदीको सहज आपूर्तिको आवश्यकता रहेको बताउँदै सदस्यहरुको आवश्यकता अनुरुप पहल गर्दै आएको बताउनु भयो । यस क्रममा उहाँले हाल राष्ट्र बैंकको नयाँ व्यवस्थाबाट सुन चाँ( दीको आपूर्ति सहज भए/नभए र तत् सम्बन्धमा विद्यमान समस्याबारे छलफल गरी उचित समाधानका लागि सुझावहरु दिन आग्रह गर्नुभयो ।




*सुन चाँदी आपूर्ति व्यवस्था सम्बन्धी अन्तरक्रियाको झलक*

तत्पश्चात सहभागीहरुबीच सुन चाँदी आपूर्ति वस्तुस्थिति, विद्यमान समस्या, आपूर्ति व्यवस्थापन उपायहरु, राष्ट्र बैंकको सुन चाँदी आपूर्ति नयाँ व्यवस्था सम्बन्धी प्रतिक्रिया तथा व्यवसायलाई कसरी सहज एवं व्यवस्थित गर्ने भन्ने विविध विषयमा छलफल भएको थियो । सो क्रममा सहभागीहरुले हाल सुन चाँदीको मूल्य बृद्धिले प्रतिस्पर्धा गर्न गाह्रो भएको, बजारमा गुणस्तर चाँदी नपाउनु र अभाव देखाई तोकिएको दरभन्दा बढी रकम लिने गरेको, निकासी कर्ताहरुलाई निकासीको आधारमा सहुलियत दरमा चाँदी आपूर्ति नगरेको, स्थानीय बजारमा भन्दा राष्ट्र बैंकको सुन चाँदी भाउ महँगो हुने गरेको तथा सुन आपूर्ति सम्बन्धमा राष्ट्र बैंकको नयाँ व्यवस्था व्यवहारिक नभएको जस्ता प्रतिक्रिया व्यक्त गर्दै सुन चाँदीजन्य हस्तकलाको निकासी प्रबर्द्धनका लागि महासंघले समयसापेक्ष पहल गर्नुपर्नेमा जोड दिएका थिए ।

# जेम्स तथा ज्वेलरीको व्यवसायिक प्रबर्द्धन सम्बन्धी समझदारी

*नेपाली हस्तकला उद्योग व्यवसायको विकास, विस्तार एवं प्रबर्द्धन गर्ने उद्देश्यले वि.सं. २०२९ मा स्थापित नेपाल हस्तकला महासंघले स्थापनाकालदेखि यस क्षेत्रको समग्र विकासका लागि समयसापेक्ष कार्य गर्दै आएको छ । यसै गरी वि.सं. २०४४ सालमा स्थापित नेपाल सुन चाँदी व्यवसायी संघले यस क्षेत्रमा संलग्न उद्यमी व्यवसायीहरुको हित प्रबर्द्धन एवं सुन चाँदी सम्बन्धी व्यवसायको विकासका लागि समयसापेक्ष कार्य तथा गतिविधि संचालन गर्दै आएको छ । मेला अवलोकनको माध्यमबाट जेम्स तथा ज्वेलरीका वस्तुहरु सम्बन्धी जानकारी हासिल गर्न र सम्बन्धित संस्था एवं निकायका पदाधिकारीहरुसंग सम्बन्ध विकास गरी नेपाली सुन चाँदीजन्य गहना एवं वस्तुहरुको निकासी प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले यस महासंघ र नेपाल सुन चाँदी व्यवसायी संघका अध्यक्ष, उपाध्यक्ष सम्मिलित टोलीद्वारा सन् २०११ को फेब्रअरी २५ देखि मार्च १ तारीखसम्म थाइल्याण्डको बैंककमा आयोजना भएको ४७ औं बैंकक जेम्स एण्ड ज्वेलरी मेलाको अवलोकन भ्रमण गरेका थिए । उक्त भ्रमण टोलीमा महासंघबाट अध्यक्ष श्री विकासरत्न धाख्वा र उपाध्यक्ष श्री धर्मराज शाक्यको सहभागिता रहेको थियो । सो अवसरमा नेपाली भ्रमण टोली र उक्त मेलाका आयोजक Thai Gems & Jewelry Traders Association (TGJTA) का पदाधिकारीहरुबीच जेम्स तथा ज्वेलरीको विकास तथा व्यवसाय प्रबर्द्धन सम्बन्धी भेटवार्ता सम्पन्न भएको छ । सो अवसरमा तिनै संस्थाहरुबीच सहमति भई जेम्स तथा ज्वेलरीको व्यापार तथा व्यवसायिक प्रबर्द्धन सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भयो । उक्त समझदारी पत्रमा यस महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले, नेपाल सुन चाँदी व्यवसायी संघका तर्फबाट अध्यक्ष श्री तेजरत्न शाक्यले र थाईल्याण्डको TGJTA को तर्फबाट सो संघका उपाध्यक्ष श्री Somachai Phornchindarak ले हस्ताक्षर गर्नु भएको थियो ।*

उक्त समझदारी अनुसार आगामी दिनमा सम्बद्ध तिनै संस्थाहरुले यस क्षेत्रको व्यापार विकास एवं विस्तारका लागि सहकार्य गर्ने, वस्तु/डिजाइन/गुणस्तर विकास गर्न आपसी प्राविधिक सहयोग आदान प्रदान गर्ने, विद्यमान समस्या एवं चुनौती निराकरण गर्ने, यस क्षेत्रको समयसापेक्ष विकासका लागि उपयुक्त नीतिगत व्यवस्थाको पहल गर्ने, बिमस्टेक मुलुकमा जेम्स तथा ज्वेलरीको उचित आपूर्तिको व्यवस्थाका लागि संयुक्त पहल गर्दै जाने सहमति भएको जनाइएको छ । यस प्रकारको समझदारीबाट आउने दिनमा नेपालमा सुन चाँदीजन्य गहना एवं वस्तुको गुणस्तर एवं बजार तथा निकासी प्रबर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।



*जेम्स एण्ड ज्वेलरी प्रबर्द्धन सम्बन्धी TGJT का पदाधिकारीसंग समझदारीको फोटो झलक*

# निकासी एकाई (Export Cell) को गठन

नेपालबाट अत्यधिक निकासी हुने वस्तुहरुमा हस्तकलाको महत्वपूर्ण स्थान रहँदै आएको छ। नेपालबाट वार्षिक ३ अरब भन्दा बढी हस्तकलाका वस्तुहरु विश्वका ८० भन्दा बढी देशहरुमा निकासी हुँदै आएको छ । हस्तकलाको निकासी सहजीकरण एवं निकासी प्रबर्द्धनका लागि विद्यमान समस्याहरुको पहिचान हुनु, समाधान हुनुका साथै समय सापेक्ष नीति नियमको तर्जुमा हुनु आवश्यक पर्दछ ।



*महासंघका अध्यक्ष र नेपाल निर्यात परिषद्का अध्यक्षबाट संयुक्त रुपमा Export Cell को शुभारम्भ गर्नुहुँदै*

यस सन्दर्भमा वाणिज्य तथा निकासी सम्बन्धी उपयुक्त कार्य सम्पादन तथा क्रियाकलाप संचालनका लागि महासंघमा वाणिज्य परिषदद्वारा आवश्यक कार्य गर्दै आएको छ। यसै अन्तर्गत हस्तकला निकासीको क्रममा आइपर्ने समस्याको तत्काल समाधान गरी हस्तकला निकासी सहज एवं प्रभावकारी बनाउन हालै महासंघमा एक निकासी एकाई अर्थात Export Cell को गठन गरिएको छ । २०६७ पौष २२ गते यस महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वा र नेपाल निर्यात परिषद्का अध्यक्ष श्री नरेशदास ले संयुक्त रुपमा उक्त निकासी एकाई को शुभारम्भ गर्नुभयो ।

सो अवसरमा स्वागत मन्तव्य व्यक्त गर्दै महासंघका अध्यक्षले विदेशी मुद्रा आर्जन लगायत स्वरोजगारको अवसर प्रदान गर्न हस्तकला क्षेत्रको योगदानबारे चर्चा गर्दै हस्तकला निकासीको प्रभावकारी प्रबर्द्धनमा यस एकाई उपयोगी हुने बताउँदै यसको उपयोग गर्न र दीगो संचालनका लागि सम्बद्ध सबैको सहयोगका लागि आग्रह गर्नुभयो । सो क्रममा एकाईको उद्देश्य एवं कार्यबारे प्रकाश पार्दै महासंघका उपाध्यक्ष एवं वाणिज्य परिषद्का सभापति श्री हरिबहादुर कार्कीले सो एकाईबाट समस्या समाधान तथा निकासी प्रबर्द्धन कार्य गर्दै जाने बताउनुभयो। यस क्रममा मन्तव्य व्यक्त गर्दै नेपाल निर्यात परिषद्का अध्यक्षले ढिलो भए पनि महासंघबाट थालनी भएको यस कदमले हस्तकला निकासीसंग सम्बन्धित समग्र समाधान गर्न सहयोग पुग्ने अपेक्षा गर्दै सो परिषद्बाट सहयोगी भूमिका निर्वाह गर्ने बताउनु भयो । अन्तमा उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्दै महासंघका उपाध्यक्ष श्री धर्मराज शाक्यले निकासी एकाई संचा( लनका लागि महासंघबाट धेरै पहिलेबाट पहल हुँदै आएको चर्चा गर्दै निकासी प्रबर्द्धनमुखी लक्ष्य रहेको यस एकाईबाट लाभ उठाउन सम्बद्ध निकासीकर्ता व्यवसायीहरुलाई अपील गर्नुभयो ।

## पर्यटन वर्ष २०११ मा हस्तकला प्रवर्द्धन कार्यक्रम सम्वन्धी अन्तरक्रिया

*मुलुकको आर्थिक विकास एवं प्रवर्द्धनमा पर्यटन उद्योग एवं व्यवसाय महत्वपूर्ण क्षेत्रको रुपमा रहँदै आएको छ । पर्यटन क्षेत्रले धेरैलाई स्वरोजगारको अवसर प्रदान गर्नुका साथै पर्यटन सम्बन्धी वस्तु एवं सेवाको व्यवसायिक प्रवर्द्धनमा टेवा पुर्‍याउँदै आएको छ । यसै क्रममा नेपालमा पर्यटकहरुको आगमन बढाई विश्वमा नेपालको राम्रो पहिचान गराई पर्यटन उद्योगको प्रवर्द्धनमा सहयोग पुर्‍याउने उद्देश्यले नेपाल सरकार, संस्कृति तथा पर्यटन मन्त्रालयको संयोजनमा नेपाल पर्यटन बोर्ड लगायत सम्बन्धित विभिन्न संघ संस्थाहरुको संलग्नतामा सन् २०११ लाई पर्यटन वर्षको रुपमा सम्पन्न गर्ने घोषणा भईसकेको छ । नेपाल भ्रमणमा आउने पर्यटकहरुलाई नेपाल र नेपालीको विशेष पहिचान गराई समग्र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न शुभारम्भ भएको यस राष्ट्रिय अभियानलाई सफल तुल्याउन हस्तकला क्षेत्रसंग सम्बन्धित कार्यक्रम सम्बन्धी छलफल गर्ने उद्देश्यले यस महासंघद्वारा नेपाल पर्यटन वर्ष, २०११ को सचिवालयको सहकार्यमा २०६७ माघ २८ गते काठमाडौंमा एक अन्तरक्रियाको आयोजना गरियो । कार्यक्रममा यस महासंघमा आबद्ध करीब १५ जिल्ला एवं वस्तुगत संघहरुका अध्यक्ष एवं पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।*

सो क्रममा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले समग्र नेपाली हस्तकला उद्योग व्यवसायको प्रवर्द्धनका लागि महासंघले समयसापेक्ष गतिविधिहरु संचालन गर्दै आएको चर्चा गर्दै पर्यटन वर्ष २०११ को अवसरमा नेपाली हस्तकलाको प्रवर्द्धन गर्न कस्ता सम्भाव्य कार्यक्रम गर्दै जाने भन्ने जानकारी दिने र लिने उद्देश्यले प्रस्तुत कार्यक्रम गरेको बताउनु भयो र सहभागी संघहरुले आ-आफ्ना धारणा राख्न समेत आग्रह गर्नुभयो । यस क्रममा महासंघका उपाध्यक्ष श्री किरणकुमार डंगोलले सो अवधिमा महासंघले तय गरको हस्तकला प्रवर्द्धन कार्यक्रम सम्बन्धमा जानकारी प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले उक्त अवधिमा हस्तकला व्यापार मेला, महोत्सव, प्रदर्शनी, कार्यशाला, क्रेता बिक्रेता भेटघाट, हस्तकला प्रदर्शनी कक्ष संचालन एवं सामूहिक व्यापार चिन्ह एवं ब्राण्ड प्रवर्द्धन सम्बन्धी कार्यक्रम गर्ने सोच रहेको बताउँदै आयोजक, नेपाल सरकार तथा सरोकार वालाको सहयोग र सहकार्य सम्बन्धमा सुझाव दिन आग्रह गर्नुभयो । छलफलको क्रममा ललितपुर हस्तकला संघ, छाला जुत्ता तथा वस्तु उत्पादक संघ, पश्मिना उद्योग संघ, तामा पित्तल व्यवसायी संघ, स्वच्छ व्यवसायी समूह, नेपाल (FTG) लगायत सहभागी संघहरुले पर्यटन वर्ष २०११ लाई सफल तुल्याउन आफ्नो संस्थाको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । सो अवसरमा लाजिम्पाट पर्यटन बोर्डको तर्फबाट गरिने कार्यक्रमबारे पनि जानकारी गराइएको थियो ।

सो अवसरमा महासंघका निवर्तमान अध्यक्ष श्री पुष्करमान शाक्य र पूर्व अध्यक्ष श्री इन्द्रबहादुर शाक्यले देशमा विद्युत आपूर्तिको समस्या, पूर्वाधार अपुग, राजनीतिक एवं सामाजिक वातावरण अनुकुल नभएकोमा आयोजक, नेपाल सरकार र सम्बद्ध सबैको ध्यानाकर्षण गर्दै कार्यक्रममा गरेको लगानी र त्यसको प्रतिफलबारे राम्रो ध्यान पुर्‍याई अघि बढ्नुपर्नेमा जोड दिइयो । उक्त अवसरमा पर्यटन वर्ष २०११ लाई आम नेपालीको साझा अभियानको रुपमा ल्याइएको बताउँदै यस कार्यक्रमका राष्ट्रिय संयोजक श्री योगेन्द्र शाक्यले हस्तकला क्षेत्रलाई समेटि उपयोगी प्याकेट कार्यक्रम सहित सहकार्य गरी अघि बढ्न सम्बद्ध सबैमा अपील गर्नुभयो । यसैगरी कार्यक्रमको उद्देश्य, लक्ष्य एवं वस्तुस्थिति सम्बन्धी जानकारी गराउँदै नेपाल पर्यटन बोर्डका प्रमुख श्री प्रचण्डमान श्रेष्ठले पर्यटन वर्षलाई सफल तुल्याउन नेपाल पर्यटन बोर्डले विभिन्न संघ संस्थाहरुलाई साझेदारी प्रवर्द्धकको रुपमा समेत्न पहल गर्दै आएको उल्लेख गर्दै स्वदेशी



*पर्यटन वर्षमा हस्तकला प्रवर्द्धन कार्यक्रम सम्बन्धी अन्तरक्रियाको झलक*

हस्तकला पहिचान एवं प्रवर्द्धन गर्न महासंघबाट प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह गर्नुभयो । यस क्रममा यस महासंघका अध्यक्षले पर्यटन वर्ष आयोजक सचिवालयसंग आवश्यक समन्वय गरी अघि बढ्न निवर्तमान अध्यक्ष श्री पुष्करमान शाक्यको संयोजकत्वमा समूह गठन गरी अघि बढ्ने बताउनु भयो । अन्तमा उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्दै महासंघका उपाध्यक्ष श्री हरिबहादुर कार्कीले देशको आर्थिक विकासको आधारशिलाको रुपमा शुरु गरिएको पर्यटन वर्ष २०११ लाई सार्थक एवं सफल तुल्याउन सबैको सहकार्य आवश्यक भएको चर्चा गर्दै आ-आफ्नो क्षेत्रबाट सकारात्मक सहयोग हुने अपेक्षा गर्नुभयो ।

### भुटानी वाणिज्य प्रतिनिधिहरुद्वारा हस्तकला उद्योगको अवलोकन

नेपाल भ्रमणमा आएका भुटानका विभिन्न वाणिज्य एवं अन्य निकायहरुका प्रतिनिधि सम्मिलित टोलीलाई नेपाली हस्तकलाका वस्तुहरुको उत्पादन प्रक्रिया सम्बन्धी जानकारी प्रदान गर्ने क्रममा महासंघद्वारा पाटन औद्योगिक क्षेत्रको स्थलगत अवलोकन भ्रमण गराईयो । सो क्रममा भ्रमण टोलीलाई विभिन्न विधाका मौलिक नेपाली हस्तकलाका वस्तुहरुको उत्पादन प्रक्रिया र तिनको व्यवसायिक वस्तुस्थितिबारे जानकारी गराइएको थियो । भ्रमण टोलीद्वारा पाटन औद्योगिक क्षेत्रस्थित धातु मूर्तिकला, धातुकला, काष्ठकला, प्रस्तरकलाका विभिन्न उत्पादनहरु र तिनको व्यवसायिक वस्तुस्थितिबारे जानकारी हासिल गरेका थिए । उक्त भ्रमण टोलीमा भुटानको उद्योग, वाणिज्य, अर्थ, संचार मन्त्रालयका अधिकारी लगायत व्यवासायिक संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । महासंघको वाणिज्य परिषद्को संयोजनमा भ्रमण टोलीलाई सहायक निर्देशक श्री देवराज बज्राचार्यले अवलोकनको व्यवस्थापन गरिएको थियो । सो क्रममा भ्रमण टोलीलाई उपाध्यक्ष श्री हरिबहादुर कार्कीले हस्तकलाक प्रवर्द्धनमा महासंको कार्य एवं भूमिकाबारे प्रकाश पार्नूभएको थियो । महासंघ

## ऐतिहासिक स्थलहरूमा अवस्थित कला कौशल सम्बन्धी अध्ययन अवलोकन

*नेपाल प्राचीनकालदेखि संस्कृति र मौलिक कलामा प्रख्यात रहँदै आएको छ । यस क्रममा विभिन्न ऐतिहासिक स्थलहरुमा रहेका कलाकृतीहरुको तुलनात्मक अध्ययन गरी यस क्षेत्रमा संलग्न कलाकारहरुमा विद्यमान सीप एवं दक्षता अभिबृद्धि गर्ने उद्देश्यले महासंघको कला कौशल वस्तु विकास समितिको संयोजनमा अध्ययन अवलोकन भ्रमणको आयोजना गर्दै आएको छ । यसै क्रममा कला कौशल वस्तु विकास समितिको संयोजनमा २०६७ माघ २९ गते ऐतिहासिक स्थलहरु पनौती र चाँगुनारायणमा अध्ययन अवलोकन भ्रमण आयोजना गरियो । सो अवलोकन भ्रमणमा विभिन्न विधाका हस्तकला उत्पादनमा संलग्न कलाकार एवं उद्यमी व्यवसायीहरु करीब ६० जनाको सहभागिता रहेको थियो । साथै भ्रमण कार्यक्रममा महासंघका कार्यसमिति सदस्यहरु, महासंघका पूर्व अध्यक्ष श्री इन्द्रबहादुर शाक्य, कला कौशल वस्तु विकास समिति सदस्यहरुको समेत सहभागिता रहेको थियो ।*



महासंघको कलाकौशल वस्तु विकास समिति संयोजक अवलोकन भ्रमणको उद्देश्यबारे प्रकाश पार्दै



भ्रमणका सहभागीहरू पनौतीको ऐतिहासिक स्थलको अवलोकन गर्दै

भ्रमणस्थल पुगेपछि पनौती नगर पालिकाका पूर्वमेयर एवं पनौती स्मारक संरक्षण समितिका अध्यक्ष श्री सप्तकाजी बुद्धाचार्य लगायत सबैले भ्रमण टोलीलाई स्वागत गरियो । सो अवसरमा आपसी परिचय आदानप्रदान भएको थियो । सो क्रममा भ्रमणको उद्देश्यबारे प्रकाश पार्दै महासंघका कार्यसमिति सदस्य एवं कला कौशल वस्तु विकास समितिका संयोजक श्री सुरजमान बज्राचार्यले ऐतिहासिक स्थलहरुमा रहेका पौराणिक कालमा पूर्वजहरुले सिर्जना गरेका उत्कृष्ट कलाकृतीहरुको अध्ययन अवलोकन गरी नेपालको मौलिक कला कौशलको प्रबर्द्धनमा सहायोग पुगोस भन्ने उद्देश्यले भ्रमण कार्यक्रमको आयोजना गरेको बताउँदै पनौतीमा अवस्थित कलाकृतीबारे जानकारी प्रदान गर्न आग्रह गर्नुभयो । सो क्रममा पनौती स्मारक संरक्षण समितिका अध्यक्ष, तहाँका पुरातत्वविद् एवं अन्य विज्ञहरुले तहाँ विद्यमान ऐतिहासिक स्थलहरुको भ्रमण गराई तहाँको कलाकृती एवं संस्कृति सम्बन्धी जानकारी प्रदान गर्नु भएको थियो । सो क्रममा तहाँको ऐतिहासिक कलाकृतिहरुलाई संरक्षण गर्न संग्रहालयको स्थापना गर्नुका साथै धेरै पुरानो इतिहास बोकेको यस पनौती नगरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न पहल भइरहेको समेत जानकारी गराइएको थियो ।

यसैगरी भ्रमणटोलीद्वारा सोही दिन भक्तपुरको चाँगुनारायण मन्दिर परिसरमा रहेका विभिन्न कलाकृतीहरुको अवलोकन गरी जानकारी हासिल गरेका थिए । सो क्रममा श्री महेन्द्ररत्न शाक्यले चाँगुनारायण मन्दिरको महत्व र ऐतिहासिक पृष्ठभूमिबारे, श्री पूर्णकाजी शाक्य र श्री राजेन्द्रराज बज्राचार्यले ले तहाँको कलाकृतीको विशेषता र अन्य विविध पक्षबारे जानकारी दिएका थिए । अवलोकनको क्रममा सहभागीहरुले ऐतिहासिक स्थलहरुमा अवस्थित कलाकृतीहरुको गहन अवलोकन गर्नुका साथै आफ्ना जिज्ञासा एवं अनुभवहरु व्यक्त गरेका थिए । सहभागीहरुका अनुसार यस प्रकारको कार्यक्रमबाट तिनीहरुमा कलाकृतीको विकास एवं प्रबर्द्धन गर्न थप प्रेरणा मिलेको बताउँदै यसलाई समयसापेक्ष रपमा निरन्तरता दिनुपर्ने जनाइएको छ ।

## बिक्रयकला सीप अभिबृद्धि सम्बन्धी अभिमुखिकरण कार्यक्रम

हस्तकला लगायत कुनै पनि वस्तुको बजार एवं व्यवसायिक प्रबर्द्धनका लागि बिक्रीकला सीपको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वस्तु वा उत्पादन जतिसुकै स्तरीय एवं उपयोगी भए पनि उपयुक्त बिक्री वितरणको अभावमा अपेक्षित व्यवसायिक उपलब्धी हासिल गर्न सकिदैन । यसै परि प्रक्ष्यमा महासंघका सदस्य उद्यमी व्यवसायीहरुको माग बमोजिम बिक्री( कला सम्बन्धी समसामयिक जानकारी प्रदान गरी उद्यमी व्यवसायीहरुमा बिक्रीकला सम्बन्धी सीप एवं दक्षता अभिबृद्धि गर्ने उद्देश्यले महासंघको विविध वस्तु विकास उप समितिको संयोजनमा २०६७ फागुन १६ गते काठमाडौंमा बिक्रीकला सीप अभिबृद्धि सम्बन्धी अभिमुखिकरण कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा सेरामिक, धातु मूर्तिकला, चाँदीजन्य हस्तकला आदि वस्तुहरु सम्बन्धी व्यवसायमा संलग्न उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको प्रारम्भमा उपस्थित सबैलाइृ स्वागत गर्दै महासंघका कार्य समिति सदस्य एवं विविध वस्तु उप समितिकी संयोजक श्रीमती रत्नेश्वरी श्रेष्ठले कार्यक्रमको उद्देश्य एवं महत्वबारे प्रकाश पार्दै वस्तु एवं उत्पादनको बिक्री एवं बजार प्रबर्द्धन गर्न उद्यमी व्यवसायीहरुमा बिक्रयकला सीपको आवश्यकता पर्ने चर्चा गर्दै कार्यक्रमबाट उपयोगी जानकारी हासिल गर्न आग्रह गर्नुभयो । सो अवसरमा महासंघका सहायक निर्देशक श्री रविन्द्रनाथ श्रेष्ठले श्रोतव्यक्तिको रुपमा विषयगत जानकारी प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले बिक्री कलाको परिचय, महत्व, उपयोग, बिक्रीकलाको प्रकार, असर पार्ने तत्व, बिक्रेतामा हुनुपर्ने गुणहरु, ध्यानदिनु पर्ने पक्ष लगायतका विषयमा समसामयिक जानकारी प्रस्तुत गरेको थिए । सो क्रममा सहभागीहरुले विषयगत प्रस्तुतीका सम्बन्धमा विभिन्न जिज्ञासा राख्नु भएको थियो भने बिक्री कला सीप सम्बन्धी आफ्ना अनुभवहरु आदान प्रदान गरेका थिए ।

# जिल्ला हस्तकला तथा वस्तुगत संघहरूको गतिविधिहरू

## ललितपुर हस्तकला संघ

### भ्याकुम कास्टिङ्ग सम्बन्धी अभिमुखीकरण

हस्तकलाका विविध विधाहरुमा धातुकला एवं मूर्तिकलाका वस्तुहरुले प्रचीनकालदेखि राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा ख्याति कमाउँदै आएको छ। दक्ष हस्तसीपको आवश्यकता पर्ने धातु मूर्तिकलाका वस्तुहरु उत्पादन गर्दा परम्परागत ढलाई प्रविधि प्रयोग गर्दै आएको छ । कठिन एवं धेरै समय लाग्ने कारण वर्तमान परिप्रेक्ष्यमा यस प्रविधिबाट ढलाई गर्दा लागत र उत्पादन समय बढी लाग्ने गरेको बताइएको छ। यस क्रममा ढलाई प्रविधि सम्बन्धी सहज एवं आधुनिक प्रविधिबारे जानकारी गराई सम्बन्धित उद्यमी व्यवसायीहरुमा कास्टिङ्ग सीप सम्बन्धी दक्षता अभिबृद्धि गरी धातुकला क्षेत्रको व्यवसाय प्रबर्द्धन गर्ने उद्देश्यले महासंघको संस्थागत सदस्य संघ ललितपुर हस्तकला संघद्वारा यस महासंघ, व्यापार तथा निकासी प्रबर्द्धन केन्द्र र ललितपुर उद्योग वाणिज्य संघको सहयोगमा २०६७ फगुन १२ गते ललितपुरमा Vaccum Casting सम्बन्धी अभिमुखिकरणको आयोजना गरियो । विषय विज्ञ श्री सनम शाक्य श्रोतव्यक्ति रहेको उक्त कार्यक्रममा धातुकला एवं मूर्तिकला विधामा संलग्न २० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

कार्यक्रमको शुरुमा सो संघका अध्यक्ष श्री रुपरत्न शाक्यले कार्यक्रमको महत्व र औचित्यबारे प्रकाश पार्दै समयसापेक्ष सीप एवं दक्षता अभिबृद्धि गरी अघि बढ्नुपर्ने बताउनु भयो । सो क्रममा मन्तव्य व्यक्त गर्दै यस महासंघका उपाध्यक्ष श्री हरिबहादुर कार्कीले हस्तकला उद्योग व्यवसायको प्रबर्द्धनका लागि महासंघले सदस्यहरुको माग एवं आवश्यकतामा आधारित क्रियाकलाप गर्दै आएको चर्चा गर्दै यस कार्यक्रमको आयोजनाबाट सहभागीहरुमा भ्याकुम कास्टिङ्ग सम्बन्धी सीप अभिबृद्धि भई धातुकलाको विकासमा सहयोग पुग्ने अपेक्षा गर्नुभयो । यस्तै गरी सो अवसरमा मन्तव्य व्यक्त गर्दै व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका कार्यकारी निर्देशक श्री रमेशकुमार श्रेष्ठले अहिलेको प्रतिस्पर्धी युगमा समयसापेक्ष सीप एवं दक्षता हासिल गरी अघि बढ्नुपर्ने चर्चा गर्दै हस्तकला क्षेत्रको विकासका लागि सो केन्द्रले प्राथमिकता दिने बताउँनु भयो । सो अवसरमा ललितपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री दिव्य गोविन्द जोशी र आयोजक संघका उपाध्यक्ष श्री दीपेन्द्र शाक्यले कार्यक्रमको महत्व एवं उद्देश्यबारे प्रकाश पार्नु भएको थियो । कार्यक्रमको अन्तमा सो संघका महासचिव श्री जुनिवज्र बज्राचार्यले धन्यवाद ज्ञापन गरेका थिए ।

## मकवानपुर हस्तकला संघ

### काष्ठकला सम्बन्धी आधारभूत प्रशिक्षण

मकवानपुरमा अवस्थित स्थानीय उद्यमी व्यवसायीहरुमा काष्ठकला सम्बन्धी सीप अभिबृद्धि गरी काष्ठकलाको व्यवसायिक प्रबर्द्धन गर्ने उद्देश्यले महासंघको संस्थागत सदस्य संघ मकवा( नपुर हस्तकला संघद्वारा यस महासंघ र स्थानीय वन समन्वय समितिको सहयोगमा २०६७ असोज १३ देखि माघ २० गतेसम्म मकवानपुर, हेटौडामा काष्ठकला सम्बन्धी ३ महिने आधारभूत प्रशिक्षण संचालन गरियो । विषय विज्ञ श्री राजानन्द शिल्पकार श्रोतव्यक्ति रहेको उक्त प्रशिक्षणमा तहाँका स्थानीय १४ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । प्रशिक्षणमा सहभागीहरुलाई काष्ठकलाका विभिन्न बुट्टा एवं डिजाइन विकास, विभिन्न उपकरण औजारको प्रयोग संभारका साथै बजार प्रबर्द्धन एवं व्यवस्थापन सम्बन्धी जानकारी प्रदान गरिएको थियो ।

प्रशिक्षण पश्चात प्रशिक्षणका सहभागीहरुलाई काठमाडौंमा संचालित विभिन्न काष्ठकला उद्योगहरुको स्थलगत भ्रमण गराई काष्ठकलाका समसामयिक डिजाइन एवं वस्तु विकास, व्यवसायिक वस्तुस्थितिबारे जानकारी प्रदान गर्ने उद्देश्यले सो प्रशिक्षणका सहभागीहरुलाई हालै काठमाडौं र ललितपुरका केही उद्योगहरुको अवलोकन भ्रमण गराईएको थियो । यसका लागि सो संघको आग्रहमा महासंघको उद्योग परिषद्को संयोजनमा मकवानपुरबाट आएका उद्यमी व्यवसायीहरुलाई विभिन्न काष्ठकला उद्योगहरुको अवलोकन भ्रमणको व्यवस्थापन गरिएको थियो । अवलोकन भ्रमणबाट सहभागीहरु उत्साहित भएको र यसबाट आउने दिनमा तिनीहरुलाई काष्ठकलाका गुणस्तरीय वस्तुहरुको उत्पादन गर्ने जानकारी प्रदान गरको बताइएको छ ।

# Effective Way to Promote Business

Trade shows plays a major role in enhancing brand & product visibility, launching of new products, promoting existing products and most significantly generates genuine leads & sales. Actively participation in trade fairs, trade shows, business seminars enhance our knowledge about industry trends & competitors. By organizing trade shows or participating in trade shows one can make key professional contacts and can refine their relationships with clients / customers.

TradeShowAlerts.com provides various articles that exhibit suggestions to help businessmen, organizations, marketers, shop owners, buyers, sellers & exhibitors which in turn leads to successfully business growth. These articles make you learn many strategies that are must for trade show involvement. Whether you are participating in international trade fairs, annual industry events or in any local trade fairs, these strategies serves as guidelines for trade shows marketing concepts. Trade show marketing ideas helps in a number of ways:-

- Establish meaningful business goals, perfectly plan your marketing strategy and measure achieved return on investment.
- Implement pre & post events powerful, memorable marketing initiatives.
- Choose best exhibit display booths that meet corporate promotional needs and budgetary requirements.
- Effectively utilization of trade show exhibit accessories, booth designs, graphics, lighting, banners to heighten visibility and generate sales.
- Select trade show promotional products that add more goodwill for your companies.
- Ensure that trade show organizers & exhibitors are well trained to fully represent your company, generate leads and drive sales.

TradeShowAlerts.com also includes some unique & attractive sections that provide the details about upcoming trade shows, featured trade shows and that too are country wise, city wise and organizers wise.

Tradeshow attractions and marketing ideas at TradeShowAlerts.com are designed to achieve an interested crowd and lets your booth stand out strongly in the exhibition hall.

In order to have a successful trade show, a check list at the final stages of event preparation is a valuable organizational tool. Trade Show check list helps in cross checking & handing of last minute details.

One more objective of trade show check list is to ensure that you are appropriately positioned to accomplish your event sales & leads objectives.

Final stages are critical because you might have spend tons of your time to get ready for the business events so everything should be end up in a desired manner. Following trade show check list helps you to target your business goals precisely.

- Review your exhibition plan and objectives. Make sure everyone involved in trade show exhibits completely understands what is the main goal of the trade show.
- Call a meeting of event staff for a final meeting to take care of final details, confirm booth schedules, handle queries and answer any last minute questions.
- Discuss proper uniform and re-enforce the importance of how you want delivery of your sales messages, which should be memorized and rehearsed.
- Call trade shows sponsor or the contact person to confirm all of the material and booth have arrived or not.
- Cross check the location where you will pick up your items. Also enquire about return shipping after the show is over. * Confirm your travel plans, hotel bookings to verify your requests in order to avoid any inconvenience after arriving at the destinations.
- Re-examine post-show marketing strategies and make sure packets, letters and other follow-up materials are ready for the returning day.

(Source: Internet)

## परम्परागत पौभा कला सम्बन्धी प्रदर्शनी आयोजना

यस महासंघको कलाकौशल विकास समिति र उद्योग परिषद अन्तर्गतको पौभा वस्तु विकास समितिको संयुक्त आयोजना तथा सुजान कलेक्सनको सहयोगमा २०६७ चैत्र २४ देखि २८ गतेसम्म काठमाडौं गेष्ट हाउस (सुजान कलेक्सन) मा परम्परागत पौभाकला बिधाका कलाकारहरुको प्रतिभाबारे पहिचान तथा पौभा कलाको महत्वबारे उजागर गरी आफ्नो पेशाप्रति जागरुक गराई पौभा व्यवसायको प्रबर्द्धन गर्ने उद्देश्यले **परम्परागत पौभा कला प्रदर्शनी** संचालन हुने व्यहोरा सम्वन्धित सवै सदस्यहरु एवं गैर सदस्य महानुभावहरुमा सूचित गरिन्छ। सो अवसरमा अनुभवी एवं प्रबुद्ध कलाकारहरुबाट तयार पारिएका ६० भन्दा बढी विशिष्ट पौभाहरुका साथै विभिन्न समयमा विशिष्ट कलाकारहरुबाट सिर्जना भई संकलनमा रहेका पौभाहरुको समेत प्रदर्शनी गरिने छ। प्रदर्शनीमा पौभा विधाका कलाकारहरुबाट सिर्जित सानोमा एक फिट साइजदेखि ३ फिट साइजको पौभाहरु समावेश गरिएको छ। पौभा कला प्रदर्शनीको अवसरमा पौभाको महत्व, व्यवसायिक वस्तुस्थिति एवं अन्य विविध पक्षबारे जानकारी प्रदान गर्ने उद्देश्यले प्रत्येक दिन बेलुका ४.०० बजेदखि ६.०० बजेसम्म विज्ञ एवं बौद्ध विद्वानहरुबाट प्रवचन गराउने कार्यक्रम तय गरिएको हुँदा इच्छुक सम्पूर्ण उद्यमी, व्यवसायी, उपभोक्ता महानुभावहरुलाई प्रदर्शनी अवलोकन तथा सहभागिताका लागि महासंघ आमन्त्रण गर्दछ। प्रदर्शनी अवलोकन तथा प्रवचनमा सहभागिता गर्न निःशुल्क प्रवेशको व्यवस्था रहेको समेत सूचित गरिन्छ।

नेपाल पर्यटन वर्ष २०११ को समेत अवसर पारी आयोजना गरिन लागेको यस प्रदर्शनीले पौभा विधाका विभिन्न उत्कृष्ट सिर्जना सम्बन्धी प्रचार प्रसार गरी यस क्षेत्रको समयसापेक्ष विकास एवं प्रबर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

पौभा कला प्रदर्शनीको अवसरमा देहायको तालिका बमोजिम पौभा सम्बन्धी प्रवचन तय गरिएको छ।

| मिति | प्रवचक | विषय | समय |
|---|---|---|---|
| २०६७ चैत्र २४ | डा. भद्ररत्न बज्राचार्य | पौभाको विकास र इतिहास | ४.०० - ६.०० बजे |
| २०६७ चैत्र २५ | श्री लोक चित्रकार | पौभा कला हिजो र आज | ४.०० - ६.०० बजे |
| २०६७ चैत्र २६ | श्री दीपक जोशी | पंचबुद्धको महत्व (आइकोनोग्राफी) | ४.०० - ६.०० बजे |
| २०६७ चैत्र २७ | डा. नरेशमान बज्राचार्य | पौभा चित्रकला र दैनिक जीवनसंग सम्बन्ध | ४.०० - ६.०० बजे |
| २०६७ चैत्र २८ | श्री मीनबहादुर शाक्य | बौद्ध कलाको इतिहास | ४.०० - ६.०० बजे |

## हस्तकला गतिविधि, लेख तथा उपयोगी जानकारी उपलब्ध गराउने सम्बन्धी सूचना

हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल हस्तकला महासंघद्वारा समयसापेक्ष कार्य गर्नुका साथै विविध गतिविधिहरु संचालन गर्दै आएको सबैमा विदितै छ। हस्तकला सम्बन्धी समसामयिक गतिविधिबारे आफ्ना सदस्यहरु लगायत समस्त हस्तकला उद्यमी व्यवसायीहरुलाई सुसूचित गरी व्यवसाय प्रबर्द्धनमा सहयोग पुगोस भन्ने उद्देश्यले महासंघद्वारा **हस्तकला समाचार** मासिक रुपमा र *Craft News* त्रैमासिक रुपमा प्रकाशन गर्दै आएको छ। अतः यी प्रकाशनलाई अझ उपयोगी एवं जानकारीमूलक बनाउन यहाँहरुसंग हस्तकला सम्बन्धी समसायिक सूचना, सिर्जना, लेख, जानकारी एवं उपयोगी सामाग्रीहरु कुनै भएमा यस महासंघलाई उपलब्ध गराई दिनुहुन सदस्य महानुभावहरु लगायत सम्बद्ध सबैमा महासंघ हार्दिक अनुरोध गर्दछ।

साथै महासंघमा आबद्ध संस्थागत जिल्ला हस्तकला संघ एवं वस्तुगत संघहरुले पनि आ-आफ्ना संघका समसामयिक प्रबर्द्धनात्मक गतिविधि सम्बन्धी जानकारीहरु समयमा यस महासंघमा उपलब्ध गराईदिनु हुन सम्बन्धित सबैमा विनम्र अनुरोध गरिन्छ।

### महासंघको प्रकाशनहरू

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | The Iconography of Nepalese Buddhism (German) | US$ 15.00 |
| 3. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 4. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 5. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 6. | Sacred Art of Nepal | US$ 30.00 |

(All price include mailing charges)

To,

प्रकाशक:

**नेपाल हस्तकला महासंघ**
पो.व.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७-१-४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

**सम्पादक**
देवराज बज्राचार्य, ऋषिराज सुवेदी